प.सं. च.नं./Ref:

मिति : २०७७/११/७

निर्वाचन आयोग नेपाल २०२३

**प्रेस विज्ञप्ति**

काठमाडौं, फागुन ७ गते ।

निर्वाचन आयोगले सम्वत् २०१५ सालमा पहिलो पटक मतदान भएको दिनलाई स्मरण गर्दै सम्वत् २०७३ सालदेखि प्रत्येक वर्षको फागुन ७ गते निर्वाचन दिवस मनाउँदै आएको छ । यस वर्षको पाँचौ निर्वाचन दिवस, २०७७ "निर्वाचनमा सबै, सधैं, सँगै" भन्ने मूल नाराका साथ फागुन ६ र ७ गते निर्वाचन आयोग र सबै जिल्ला निर्वाचन कार्यालयमा विभिन्न कार्यक्रमको आयोजना गरी मनाउने सिलसिलामा आज २०७७ फागुन ७ गते शुक्रबार आयोगका पदाधिकारी तथा सचिवालयका कर्मचारीहरु आयोगको सभाहलमा र जिल्ला निर्वाचन कार्यालयका सम्पूर्ण कर्मचारीहरू भर्चुअल माध्यमबाट सहभागी भई मूल समारोहको आयोजना गरियो । उक्त कार्यक्रम प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले डिजिटल प्रविधिबाट उद्घाटन गर्नु भएको थियो ।

उक्त कार्यक्रममा "निर्वाचन" बिषयमा कविता वाचन प्रतियोगिता समेत आयोजना भएको र प्रतियोगितामा विभिन्न १५ जना कर्मचारीहरुले भाग लिई भौतिक उपस्थिति तथा भर्चुअल माध्यमबाट कविता वाचन गरेका थिए । कविता वाचन प्रतियोगितामा आयोगमा कार्यरत उपसचिव कोमलप्रसाद धमला पहिलो, जिल्ला निर्वाचन कार्यालय, गोरखाका जिल्ला निर्वाचन अधिकारी टेकबहादुर कोईराला दोश्रो र जिल्ला निर्वाचन कार्यालय, खोटाङका जिल्ला निर्वाचन अधिकारी कोपिला राईले तेश्रो स्थान प्राप्त गर्नुभएको थियो । विजयी प्रतियोगीलाई नगद पुरस्कार प्रदान गरिएको थियो । पाँचौ निर्वाचन दिवसको अवसरमा आयोग र अन्तर्गत कार्यालयमा अविच्छिन्न रुपमा २० वर्ष वा सोभन्दा बढी अवधि सेवा गरेका १४ जना कर्मचारीहरुलाई प्रसंशापत्र र नगद पुरस्कारबाट सम्मानित गरिएको थियो भने निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा उत्कृष्ट कार्यसम्पादन गरी योगदान पुऱ्याउने आयोग र अन्तर्गत कार्यालयका ७ जना कर्मचारीहरूलाई ***"उत्कृष्ट कर्मचारी पुरस्कार"*** सहित प्रसंशा पत्रबाट सम्मानित गरिएको थियो । यसरी सम्मानित हुनेहरुमा निर्वाचन आयोगका उपसचिव ऋषिराम भुसाल, कम्प्यूटर इञ्जिनियर हरिप्रसाद पोखरेल र हलुका सवारी चालक महेन्द्र मानन्धर तथा जिल्ला निर्वाचन कार्यालय, खोटाङका जिल्ला निर्वाचन अधिकारी कोपिला राई, जिल्ला निर्वाचन कार्यालय, सुनसरीका कम्प्यूटर अपरेटर अजय कुमार मिश्र, जिल्ला

प.सं. च.नं./Ref:

निर्वाचन कार्यालय, डोल्पाका कम्प्यूटर अपरेटर श्यामकुमार राई, जिल्ला निर्वाचन कार्यालय, डोटीका नायव सुब्बा दलबहादुर मलासी रहनु भएको छ ।

कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले पुरस्कृत सबै कर्मचारीहरुलाई बधाइ दिंदै यस्ता सम्मान, प्रसंशा र पुरस्कारले कर्मचारीहरुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि भई कार्यसम्पादनस्तर थप वृद्धि हुने विश्वास व्यक्त गर्नुभयो । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचन तोकिएकै मितिमा सम्पन्न गर्ने आयोगको अर्जुनदृष्टि रहेको, इतिहाँसको विरासत र साखलाई खुम्चन नदिइ आयोगलाई उत्कृष्ट निर्वाचन व्यवस्थापन निकायको रुपमा पहिचान दिलाउन कृतसंकल्पित भइ निरन्तर प्रयासरत रहने प्रतिवद्वता व्यक्त गर्नुभयो । स्वच्छ, स्वतन्त्र र निष्पक्ष रुपमा निर्वाचन सम्पन्न गर्न/गराउन प्राविधिक तथा व्यवस्थापकीय रुपमा आयोग सक्षम रहेको कुरा व्यक्त गर्नुहुँदै राजनीतिक दलहरुले निर्वाचनका लागि उपयुक्त वातावरण तयार गर्नुपर्ने कुरा समेत बताउनु भयो ।

कार्यक्रममा निर्वाचन आयुक्त नरेन्द्र दाहाल र डा. जानकी कुमारी तुलाधरले पाँचौ निर्वाचन दिवसको उपलक्ष्यमा शुभकामना व्यक्त गर्नुहुँदै आसन्न निर्वाचन सम्पन्न गर्न सबै राजनीतिक दल, मतदाता, सरोकारवालाहरु र कर्मचारीले आ-आफ्नो भूमिका र जिम्मेवारीका साथ क्रियाशील हुन आव्हान गर्नुभएको थियो । कार्यक्रममा निर्वाचन आयुक्त इश्वरी प्रसाद पौड्याल र रामप्रसाद भण्डारी तथा आयोगका सचिव सुरेश अधिकारी सहित आयोग सचिवालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

(राजकुमार श्रेष्ठ)

सहसचिव एवम्

प्रवक्ता)